# स्थानीय राजपत्र

स्थानीय सरकार

सोलुदुधकुण्ड नगरपालिका, सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश, नेपालद्वारा प्रकाशित

खण्डः ८ | संख्या २ | २०८१ फागुन १ गते

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश नेपाल

**भाग २**

**स्थानीय सरकार**

**सोलुदुधकुण्ड नगरपालिका**

**सल्लेरी, सोलुखुम्बु**

**कोशी प्रदेश, नेपाल**

**नगरसभाबाट स्वीकृत मितिः २०८१/१०/३०**

# कुकुर बन्ध्याकरण तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि -२०८१

# कुकुर बन्ध्याकरण तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि -२०८१

**पृष्ठभूमि**

रेविज रोग मानव, पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो। पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठुलो समस्याको रुपमा विद्यमान रेविज रोगको कारण पशुपालक कृषकहरुले बर्षेनी ठुलो आर्थिक क्षती व्यहोर्दै आएका छन। अतः कुकुरको बन्ध्याकरण र रेबिज खोपको माध्यमबाट रेबिज रोग तथा कुकुरको संख्यामा नियन्त्रण गरी जनस्वास्थ्य एवं पशुधनको सुरक्षणमा टेवा पुर्याउने उदेश्य अनुरुप रेविज रोगको जोखिमलाई न्युनिकरण गर्न सकियोस भन्ने मूल उद्देश्यका साथ सोलुदुधकुण्ड नगरपालिकाको जनताको मागलाई मध्यनजर गर्दै कार्यक्रमलाई सहज,सरल,प्रभावकारी,पारदर्शीरुपमा कार्यक्रम संचालन गर्न **स्थानिय सरकार संचालन ऐन २०७४** को दफा ११ (२) ण ले दिईएको अधिकार प्रयोग गरी सोलुदुधकुण्ड नगरपालिकाले **कुकुर बन्ध्याकरण तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि -२०८१** जारी गरिएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **"कुकुर बन्ध्याकरण तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८१"** रहेको छ।

ख) यो कार्यविधि सामुदायिक तथा घरपालुवा कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि नगर कार्यपालिकाबाट स्वीकृति भए पश्चात लागू हुनेछ।

२. **परिभाषाः** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"नगरपालिका"** भन्नाले सोलुदुधकुण्ड नगरपालिका सम्झनु पर्नेछ।

(ख) **"नगर कार्यपालिका"** भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्नेछ।

(ग) **"पशु सेवा शाखा"** भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको पशु सेवा शाखा सम्झनु पर्नेछ।

(घ) **"कार्यालय"** भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय सम्झनु पर्नेछ।

(ङ) **"वडा"** भन्नाले सोलुदुधकुण्ड नगरपालिकाका ११ वटा वडा कार्यालयहरु सम्झनु पर्नेछ।

(च) **"कार्यविधि"** भन्नाले यो कार्यविधिको नाम सामुदायिक तथा घरपालुवा कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ लाई सम्झनु पर्नेछ।

(छ) **"सामुदायिक कुकुर"** भन्नाले सामुदायमा रहेको छाडा कुकुर सम्झनु पर्नेछ।

(ज) **"घरपालुवा कुकुर"** भन्नाले व्यक्ति वा संस्थाले आफ्नो घर कम्पाउन्ड भित्र व्यवस्थित गरी आफ्नो सोख वा सुरक्षाका लागि पालिएका कुकुर सम्झनु पर्नेछ।

३. **उद्देश्यः यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ।**

(क) पर्यटकीय नगर सोलुदुधकुण्ड नगरपालिकामा सामुदायिक कुकुरहरुलाई नियन्त्रण गरी सफा र सुन्दर नगर बनाउने

(ख)सोलुदुधकुण्ड नगरपालिकालाई व्यवस्थित नगर बनाउने नीति तथा कार्यक्रमलाई प्रभाबकारी बनाउने।

(ग) सामुदायिक कुकुरहरुको नियन्त्रण गरि कृषकहरुको धनजनको क्षतिलाई न्युनिकरण गर्ने।

(घ) प्राणघातक रेविज रोगको नियन्त्रण गर्ने।

(ङ) व्यवस्थित तथा सुरक्षित कुकुर पालन गर्न कृषक तथा जनतामा सूचित गर्ने।

(च) प्राणघातक रोग रेविज रोगसंग सम्बन्धीत कुराहरु जनतामा सूचित गर्ने।

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु,
कोशी प्रदेश नेपाल

## परिच्छेद-२

**४. कार्यक्रम संचालन प्रकृयाः**

क) पशु सेवा शाखाले सम्बन्धित कार्यक्रम संचालन सम्बन्धि आवश्यक प्रचार प्रसारका सामग्रीहरु तयार पार्नुपर्नेछ ।

ख) सामुदायिक तथा घरपालुवा कुकुरहरुको संख्या सम्बन्धित वडासंग सहकार्य गरि कुकुरको म्यापिङ गरी निर्धारण गर्नेछ ।

ग) नगरपालिकामा उपब्ध हुने दक्ष कर्मचारीबाट घरपालुवा पोथी कुकुर बन्ध्याकरण शिविर सञ्चालन गर्न सक्नेछ ।

घ) कार्यालयले निःशुल्क शिविर सञ्चालन गर्दा कुकुरधनीलाई कुनै शुल्क लाग्ने छैन तर शिविर सञ्चालन हुने स्थानमा कुकुर लानु पर्ने हुन्छ ।

ङ) त्यस्ता सामुदायिक कुकुरमा प्राणघातक रोगको लक्षण देखिएमा वा रेविज रेपिड किट परिक्षणमा रेविज रोग देखा परेमा पशु चिकित्सक/प्राविधिकको प्रतिवेदन बमोजिम सम्बन्धित पशु चिकित्सकले "EUTHANASIA" को प्रयोग गरि नष्ट गर्न सक्नेछ ।

च) घरपालुवा भाले तथा पोथी कुकुर बन्ध्याकरण सम्बन्धित मालिकको सहमति लिई आवश्यक औषधी खर्च सम्बन्धित कुकुर मालिकले ब्यहोर्ने गरी दक्ष पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकले आबश्यक सम्झौता गरि बन्ध्याकरण गर्न सक्ने ।

छ) यसरी स्थायी बन्ध्याकरण गर्न दक्ष जनशक्ति उपलब्ध नभएमा दक्ष जनशक्ति वा संस्थालाई सार्वजानिक खरिद नियामावली २०६४ बमोजिम प्रस्ताव माग गरी सामुदायिक तथा घरपालुवा कुकुर बन्ध्याकरण गर्न सक्नेछ ।

ज) त्यस्ता दक्ष जनशक्ति नगरपालिका पशु सेवा शाखामा मौज्दत रहेमा अन्य गाँउपालिका तथा नगरपालिकालाई पनि त्यस्ता जनशक्ति आवश्यक समझदारीमा पठाउन सक्नेछ ।

झ) कार्यक्रम संचालन हुदा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ,सोलुखुम्बुसंग आवश्यक समन्वय र सहकार्य गरि कार्यक्रम संचालन गर्नु पर्नेछ ।

ञ) यसरी कार्यक्रम संचालन गरेपश्चात पशु सेवा शाखाले कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

ट) कार्यक्रम संचालन गर्दा अन्य संस्थाहरु, निजि भेटेरीनरी क्लीनिक , निजि सेल्टर हाउसबाट कार्यक्रम संचालन गर्नु पर्ने भएमा देहायको संघ/संस्थाहरुको मुल्याङ्कन गर्ने आधार निम्न अनुसार हुनेछ ।

| | | |
|---|---|---|
| १. | संघ/संस्थाहरुको दर्ता र नविकरण | (३० अंक) |
| २. | संस्थाले हालसम्म कुकुर बन्ध्याकरण गरेको संख्या | (४० अंक) |
| ३. | संघ संस्थामा उपलब्ध दर्तावाल पशु चिकित्सकको विवरण | (३० अंक) |
| ४. | पशु चिकित्सक / प्राविधिकको संख्या | (१५ अंक) |
| ५. | पशु चिकित्सकको सम्बन्धित क्षेत्रमा अनुभव | (१५ अंक) |

ठ) आवेदक संघ/संस्थाहरुको छनौटको लागि प्राविधिक मुल्यांकन समितिको गठन निम्न अनुसारको हुनेछ ।

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | संयोजक |
| २. | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३. | पशु सेवा शाखाको शाखा प्रमुख | सदस्य - सचिव |

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु,
कोशी प्रदेश नेपाल

## परिच्छेद -३

### घरपालुवा कुकुर/बिरालो पालन सम्बन्धी व्यवस्था

क) घरपालुवा कुकुर तथा दर्ता /नविकरण तथा बन्ध्याकरण गर्नु पर्नेः

१. नगरपालिकाको अनुमति बिना कसैले पनि घरपालुवा कुकुर/बिरालो राख्न वा पाल्न पाउने छैन ।

२. कसैले घरपालुवा कुकुर/बिरालो राख्न वा पाल्न चाहेमा सो कुकुर नगरपालिकामा दर्ता गराई राख्न वा पाल्न सक्नेछ।

३. यो कार्यविधि प्रारम्भ हुनु पूर्व नै राखिएको वा पालिरहेका घरपालुवा कुकुर/बिरालोको हकमा यो कार्यविधि प्रारम्भ भएको मितिले ६ महिना भित्र दर्ता गरिसक्नु पर्नेछ ।
४. यो कार्यविधि लागु भएपछि नगरपालिकाले घर पालुवा कुकुर/बिरालो दर्ताको लागि सूचना आह्वान गर्नु पर्नेछ ।
५. नगरपालिकाका वडामा रहेको प्राविधिकहरुले वडाको घरपालुवा कुकुर/बिरालो अभिलेखमा दर्ता गरि प्रमाणपत्र दिनु पर्नेछ ।
६. यसरी दर्ता भएका कुकुर / बिरालोलाई रेविज विरुद्धको खोप सम्बन्धीत प्राविधिकले लगाईदिनु पर्नेछ ।
७. यसरी दर्ता भएका घरपालुवा कुकुर/बिरालोलाई आपसी समझदारी ५०% सहुलियतमा बन्ध्याकरण नगरपालिकाले गरिदिनु पर्नेछ । यसरी बन्ध्याकरण गर्दा औषधिको तथा आवश्यक सामाग्री नगरपालिकाले व्यवस्था गर्नुपर्नेछ ।
८. कसैले यसरी दर्ता भएका कुकुर/बिरालो राख्न वा पाल्न चाहेमा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।
९. दर्ता प्रमाण –पत्र अनुसूची – २ बमोजिम हुनेछ ।
१०. कुकुरधनीहरुले आर्थिक बर्ष व्यतित भएको ३ महिनाभित्र कुकुर दर्ता नविकरण गर्नु पर्नेछ ।
११. घरपालुवा कुकुर दर्ता दस्तुर रु. ५०० र नविकरण दस्तुर रु.२००। लाग्नेछ ।
१२. दर्ता गरेको कुकुर मृत्यु भएमा कुकुरधनीले शव व्यवस्थापन गर्नु पर्नेछ ।
१३. दर्ता भएका कुकुरलाई रेविज भ्याक्सीन तथा परजिवि नियन्त्रणको राजश्व दस्तुर लाग्ने छैन ।
१४. नगरपालिकाबाट निःशुल्क प्राविधिक परामर्श सेवा तथा स्वास्थ्य परिक्षण सेवा प्रदान गरिनेछ ।

ख) सामुदायिक कुकुर सम्बन्धी व्यवस्था

१. सामुदायिक कुकुरलाई पिट्ने कुट्ने तथा अमानवीय व्यवहार गर्न पाईनेछैन् ।
२. सामुदायिक कुकुरलाई रेबिज खोप तथा अन्य जोखिमयुक्त रोगहरुबाट बचाउन खोप लगाउने जिम्मेवारी नगरपालिकाको हुनेछ ।
३. सामुदायिक कुकुरको बन्ध्याकरण तथा हेरचाह गर्ने दायिकत्व समेत नगरपालिकाको हुनेछ ।
४. सामुदायिक कुकुरलाई व्यवस्थापन गर्न नगरपलिकाले आफ्नै कुकुर व्यवस्थापन केन्द्र (सेल्टर हाउस) स्थापना गरी अथवा निजि सेल्टर हाउससंग सहकार्यमा कार्यक्रम संचालन गर्न सक्नेछ ।
५. यसरी नगरपालिकाको सेल्टर हाउसमा भएको कुकुरलाई व्यक्तिले मन पराई घरपालुवा बनाउन चाहेमा नगरपालिकामा कुकर दर्ता गरी पालन गर्न सक्नेछ ।
६. सेल्टर हाउसमा रहेको कुकुरलाई पालनपोषण गर्न पशु कल्यानकारी संस्था तथा ब्यक्तिहरुले सहयोग गर्न चाहेमा त्यस्तो सहयोग रकम,सामानहरु नगरपालिकाको सेल्टर हाउस संचालक वा पशु सेवा शाखालाई प्रदान गर्नु पर्नेछ ।
७. यसरी सेल्टर हाउसमा रहेको कुकुरहरुमा पालिएको कुकुरलाई प्राणघातक रोगको लक्षण देखिएमा वा मृत्यु भएमा सेल्टर हाउस संचालकले नगरपालिकालाई जानकारी दिनुपर्नेछ ।

ग) घरपालुवा कुकुर/विरालो सम्बन्धी अन्य व्यवस्था

१. आफुले पालेको कुकुरले कुनै कारणबश कसैलाई स्थायी रुपमा हस्तान्तरण गर्नु परेमा वडा प्राविधिकको रोहबरमा दिने पक्षले लिने पक्षलाई स्वामित्व हस्तान्तरण गर्नु पर्नेछ ।
२. दर्ता गरिएको कुकुर हराएमा कुकुरधनीले सो को जानकारी नगरपालिकालाई गराउनु पर्नेछ ।
३. आफ्नो कुकुरलाइ आफ्नो घरको कम्पाउन्ड भन्दा बाहिर छाडा छाड्ने वा दिसा पिसाव गराउने गर्नु हुदैन । यदि यस्तो कार्य गरेको भेटिएमा नगरपालिकाले ५०० देखी ५००० सम्म जरिवाना गर्न सक्नेछ ।
४. घरपालुवा कुकुरले कसैलाई टोकेमा वा कुनै प्रकारको क्षति पुर्याएमा त्यसको सम्पूर्ण उपचार खर्च तथा क्षतिपुर्ति कुकुरधनीले व्यहोर्नु पर्नेछ ।
५. घरपालुवा कुकुर विरामी वा रोगि भएमा कुकुरधनीले पशु चिकित्सक/प्राविधिक सल्लाह बमोजिम उपचार गर्नुपर्नेछ।
६. घरपालुवा कुकुर/ विरालो लाई अनिवार्य रुपमा बन्ध्याकरण गरि रेबिज तथा अन्य जोखिमयुक्त रोग बिरुद्धको खोप लगाई पालन गर्नु पर्नेछ ।


नगर कार्यपालिकाको कार्यालय, सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश नेपाल

## परिच्छेद- ४

५. **कार्यक्रम अनुगमन तथा मुल्याङ्कन:**

क. यस कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सोलुखुम्बु र सोलुदुधकुण्ड नगरपालिकाबाट हुनेछ।

## परिच्छेद – ५

६. **आर्थिक कार्यविधि**

क) यसरी बन्ध्याकरण गर्ने सामुदायिक कुकुरको आर्थिक भार सम्बन्धित नगरपालिकाबाट बेहोर्नु पर्नेछ।

ख) यसरी कार्यक्रम संचालन गर्दा दक्ष जनशक्ति व्यवस्थापन गर्दा आवश्यक पर्ने ईक्युपमेन्ट तथा औषधिको खर्च सम्बन्धित नगरपालिकाले बेहोर्नु पर्नेछ।

ग) कार्यक्रम संचालन गर्ने संघ/संस्थाहरुबाट कार्यक्रम संचालन गर्नु पर्ने भएमा आवश्यक ईक्युपमेन्ट, औषधी तथा जनशक्ति सम्पूर्णको व्यवस्थापन सम्बन्धित संस्थाले गर्नु पर्नेछ। यसरी सम्पूर्ण व्यवस्थापन गरी कार्यक्रम सम्पन्न गरे पश्चात सम्बन्धित संस्थालाई कार्यालयले दिने भुक्तानी बढीमा रु.४,००० (प्रति कुकुर) सम्म रहनेछ।

घ) यसरी बन्ध्याकरण गरिएको पोथी कुकुरको प्रजनन् अंग जिप्पर ब्यागमा प्याक गरी प्रमाण स्वरुप नम्बरिङ सहितको फोटो सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ।

ङ) यस कार्यको लागि तपशिल बमोजिमको कृयाकलापहरुमा निम्न अनुसारको रकम खर्च गर्न सकिनेछ।

तपशिल

| क्र.सं. | कृयाकलापहरु | लक्ष्य | लागत | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | सूचना प्रचार प्रसार ,सूचना प्रेषण ,तुल ब्यानर, प्रमाण-पत्र आदि | १ | २५०००.०० | २५०००.०० | बढिमा |
| २ | लजिष्टिक (आवश्यक्ता अनुसार) | १ पटक | १०००००.०० | १०००००.०० | बढिमा |
| ३ | औषधी तथा लजिष्टिक खरिद | १०० गोटा | ३०००.०० | ३०००००.०० | बढिमा |
| ४ | चिया पान तथा अन्य व्यवस्थापन | १ पटक | २००००.०० | २००००.०० | बढिमा |
| | जम्मा | | | ४,४५०००.०० | |

## परिच्छेद- ६

७. **आर्थिक प्रशासन सेवा:**

कार्यक्रमको लेखा लेखाङ्कन ,लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि, ऐन २०५५, आर्थिक कार्यविधि नियमावली २०६४, सार्वजानिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गरिनेछ।

८. **अनुगमन, मूल्याङकण तथा प्रतिवेदन सम्बन्धी व्यवस्था**

यस कार्यक्रमको अनुगमन नगर प्रमुख, नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सोलुखुम्बु, पशु सेवा शाखाले गर्नेछ। सो को प्रतिवेदन नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

९. **थपघट वा हेरफेर गर्न सक्ने**

१. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यता अनुसार यस कार्यविधिमा थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि नगरपालिकाले आवश्यक्ता अनुसार व्याख्या गर्न सक्नेछ।



नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश नेपाल

अनुसूची -१

## कुकुर दर्ता/ नविकरण /मृत्यु दर्ता/ हराएको लागि निबेदनको ढाँचा

श्री ....................

...........नं. वडा कार्यलय ,

सोलुदुधकुण्ड नगरपालिका

सोलुखुम्बु

म सोलुदुधकुण्ड नगरपालिका वडा नं. ........ निवासी श्री .......................................................................ले देहाय बमोजिमको कुकुर दर्ता गर्नु पर्ने / नविकरण गर्नु पर्ने / मृत्यु दर्ता गर्नुपर्ने भएको /हराएको हुदाँ उक्त कुकुरलाई सोलुदुधकुण्ड नगरपालिकाको सामुदायिक तथा घरपालुवा कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम संचालन कार्यविधि २०८० बमोजिम दर्ता/नविकरण/मृत्यु दर्ता गरिदिनु हुन यो निवेदन पेश गर्दछु ।

विवरण

१. कुकुरधनीको नामः-
२. ठेगानाः-
३. घर नं.
४. सम्पर्क नं.
५. कुकुरको प्रजातिः-
६. कुकुरको उमेरः-
७. कुकुरको फोटोः-

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु,
कोशी प्रदेश नेपाल

अनुसूची -२

सोलुदुधकुण्ड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
सोलुखुम्बु

# घरपालुवा कुकुर दर्ता प्रमाण-पत्र

दर्ता नं. ..................                                        मिति:- ......................

श्री ........................................................

**कुकुर बन्ध्याकरण तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि -२०८१** को परिच्छेद-३ को ९ बमोजिम तपाईलाई तपशिलको विवरण भएको **घरपालुवा कुकुर दर्ता प्रमाणपत्र** प्रदान गरिएको छ।

**तयार गर्ने:**                                        **सदर गर्ने:-**

**विकरणको ढाँचा**

| क्र.सं. | कुकुरको नाम | जात | उमेर | रङ | फोटो | देखि | सम्म | नविकरण गर्नेको सही |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**खोपको रेकर्ड**

| क्र.सं. | कुकुरको नाम | जात | उमेर | रङ | खोप | खोप लगाएको मिति | म्याद सकिने मिति | खोपकर्ताको सही |
|---|---|---|---|---|---|---|---|---|
| | काले | लोकल | १ बर्ष | कालो | रेविज | | | |
| | | | | | DPPHI | | | |
| | | | | | कोरोना | | | |
| | | | | | | | | |

**बन्ध्याकरणको रेकर्ड**

| क्र.सं. | कुकुरको नाम | जात | उमेर | रङ | फोटो | बन्ध्याकरण गरेको मिति | बन्ध्याकरण गर्नेको सही |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश नेपाल

आङ्काले
टुक्ती शेर्पा
प्रमुख प्रशासकीय अधिकृत